अनुसूची-१

# आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
मिति २०७९/०३/०९

विजय सिंह धामी
नगर प्रमुख
शैल्यशिखर नगरपालिका
दार्चुला

- यस [illegible] उपस्थित नगरपालिकाका उपप्रमुखज्यू, नगरपालिकाको नौ वटै वडाका अध्यक्षज्यूहरू, , कार्यपालिका तथा नगर सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत र अधिकृतहरू, शाखा प्रमुखहरू,राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी, कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू !
- यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु । स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरूलाई अभ्यास गर्ने अभियान अघि बढिरहेको यस अवसरमा म लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञातअज्ञात अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।
- शैल्यशिखर नगरपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, वहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून भन्नेमा हामी अत्यन्त सचेत छौं ।
- नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्ने कुरामा शैल्यशिखर नगरपालिका दृढ छ । हामी प्राथमिकताका आधारमा योजनावद्ध ढङ्गले विकास निर्माणका कामहरू हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । शैल्यशिखर नगरवासिले दिएको जनमतको उच्च कदर गर्दै **'हामी मालिक होइनौं, जनताका सेवक हौं'** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रूपमा ग्रहण गरेका छौं । विगतका कमी, कमजोरीहरूको अन्त्य गर्दै **'समृद्ध शैल्यशिखर सुखी नगरवासी'**को मान्यतालाई निरन्तर आत्मसात गर्दै आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम :

### शिक्षा :

१. शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै सामुदायिक विद्यालयको शैक्षिक र भौतिक सुधारसँगै समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र लगनशीलताका साथ अगाडि बढिने छ । यस नगर क्षेत्रको शैक्षिक सुधारका लागि हामीलाई कुनै प्रकारका वहानाबाजी एवं गलत स्वार्थ कदापि स्वीकार्य हुने छैनन् । हचुवा र शक्तिको भरमा नभई स्थापित मूल्य र मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ आगामी आर्थिक वर्षमा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । वालविकास केन्द्रहरूलाई व्यावस्थित गरिँदै लगिने नीति लिइने छ ।

२. शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रुपान्तरणको संवाहकको रूपमा विकास गर्नका लागि सबै तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्वल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय वीचको दुरीको अन्त्य, असल अभ्यासहरूको आदानप्रदान, 'प्रयास गरे परिवर्तन सम्भव छ' भन्ने मान्यता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई शैक्षिक क्षेत्रको केन्द्रको रूपमा विकास गरिने छ । यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

३. नगरपालिका भित्रका सवै विद्यालयहरूलाई एकरूपता प्रदान गर्नका लागि एक विद्यालय एक स्थायी दरबन्दीको नीति लिइने छ । शिक्षामा विद्यमान कानुनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै विगतबाट सिकिएका पाठहरूको आधारमा रणनीतिक ढङ्गले अगाडि बढिने छ । सामुदायिक विद्यालयप्रति अभिभावक, विद्यार्थी र आम सरोकावालाको आकर्षण बढाउँदै लैजाने रणनीति अवलम्वन गरिने छ ।

४. सबै विद्यालयमा 'आदर्श शिक्षक, अनुशासित विद्यार्थी' निर्माण गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धि गर्ने नीति लिइने छ। नगरपालिकाको कुनै पनि विद्यालयमा नेपाल सरकारले सुरु गरेको **"पढ्दै कमाउँदै"** कार्यक्रम लागू गराइने छ। लैङ्गिकमैत्री एवं बालमैत्री सिकाइ प्रणालीको लागि उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइने छ।

५. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान, दिवा खाजा वितरण, सामुदायिक पुस्तकालय स्थापना, भौतिक पूर्वाधार निर्माण, आवश्यक दरबन्दी थप तथा मिलान, विद्यालय अनुगमन, पूर्ण सरसफाइयुक्त विद्यालय, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरूको क्षमता अभिवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिने छ। नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धि एवं नतिजाका आधारमा उत्कृष्ट ठहरिएका विद्यालय शिक्षकलाई पुरस्कृत गरिने छ।

६. अपाङ्गता भएका वालवालिकाहरुलाई विद्यालयमा विषेस प्रोत्साहन सहित विधालयमा भर्ना गरिनेछ। फरक क्षमता भएका विधार्थिको सिकाईलाई निरन्तरता दिईने छ। विद्यालय उमेर समुहका विधार्थिहरुलाई विद्यालय वाहिर नरहने वातावरण सिर्जना गरिनेछ। नगरमा सञ्चालित विद्यालयहरूमध्ये प्रत्येक वडाभित्र कम्तीमा एक विद्यालयमा सूचना प्रविधि,पुस्तकालय लगायत अन्य प्राविधिक शिक्षा अध्यापनका लागि आवश्यक प्रक्रिया अगाडि वढाइने छ।

७. भौतिक पूर्वाधारयुक्त विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पहल गरिने छ। साथै नगरभित्र सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि एक छात्रवृत्ति कोषको स्थापना गरिने छ। छात्रवृत्ति वितरणका लागि स्पष्ट निर्देशिका वनाई गरिव तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गरिने छ।

८. लागु पर्दाथको दुर्व्यसन नियन्त्रण गर्नको लागी निजी क्षेत्र एवंम गै.स.स हरुको सहकार्यमा मनोपरामर्श एवंम पुनस्थापना केन्द्र स्थापना एवंम जनचेतना र जागरणको कार्यक्रम संञ्चालनको लागी पहल गरिने छ शिक्षा क्षेत्रका विषय विज्ञहरूको सहभागितामा स्थानीय पाठ्यक्रमको निर्माण तथा विकास गरिने छ साथै शिक्षाको १० वर्षे शिक्षा नीतिको लागी आवश्यक प्रकिया अगाडी वढाईने छ।

९. यस नगरपालिकाभित्र सञ्चालित उच्च शिक्षाको एक मात्र केन्द्र श्री गोकुलेश्वर बहुमुखी क्याम्पसको संस्थागत क्षमता विकासका लागि आवश्यक पहल तथा प्रोत्साहन गरिने छ।

**स्वास्थ्य :**

१०. **'स्वच्छ नगर, स्वस्थ नगरवासी'** भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगर सरकार क्रियाशील रहने छ। गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरूलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरूको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारवाट प्राप्त ससर्त कार्यक्रमहरूको थप प्रभावकारी तवरले कार्यान्वियन गर्न, आयुर्वेद औषधालयको क्षमता अभिवृद्धि गर्न, वृद्रवृद्दाहरुलाई शक्ति वर्दक आर्युरवेदिक औषधि वितरण, प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न, पाठेघर खस्किने समस्या भएकाहरुको लागी शिविर संञ्चालन पिडित विरामी र समाधानको उपायको खोजी, निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूको नियमन, महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, वालस्वास्थ्य तथा पोषण कार्यक्रम, औषधी तथा उपकरण आपूर्ति र स्वास्थ्य विमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन ए तथा जुकाको औषधी वितरण, गम्भिर खालका रोगहरुवाट ग्रसित विरामी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सहित नगरपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी छुट्टै **नगर स्वास्थ्य नीति** तर्जुमा गरी अगाडि बढिने छ। आधारभूत स्वास्थ्य सेवामा सबै नगरवासीहरुको पहुँच सुनिश्चित गर्नको लागि स्वास्थ्य बिमा कार्यक्रमको प्रचारप्रसारलाई व्यापकता प्रदान गर्दै स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी वजेटको व्यवस्था गरिने छ। साथै स्वास्थ्य क्लिनिकहरूलाई व्यवस्थित गर्नको लागि आवश्यक नीति तय गरिने छ। विरामीहरूको स्वास्थ्य उपचारमा सहजताका लागि आवश्यक एम्वुलेन्सको लागी आवश्यक प्रक्रियालाई अघि वढाइने छ। यस नगरपालिका स्थित गोकुलेश्वरमा रहेको एक मात्र अस्पतालमा यस नगरपालिका भित्रका मात्रै सेवाग्राही नभई अन्य पालिका साथै छिमेकी जिल्ला बझाङ्ग, वैतडी जिल्लाका पालिकाहरुवाट सेवा लिन सेवाग्राही आउने भएकाले यस अस्पतालको भौतिक र व्यावस्थापकिय सुधारको लागी सवै पालिका सँग समन्वय गरि सहकार्यको नीति कार्यान्वयनमा लगिने छ।



CamScanner

११. न्युन आय भएका [illegible]लाई आवश्यक कार्यविधी तयार गरी प्रोत्साहन भत्ता उपलब्ध गराईने छ । साठी वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरेर 'सुनौलो अवकाश योजना' लागू गरी कार्यान्वयनमा ल्याइने छ भने बाँकी अन्य महिला स्वयंसेविकाको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने छ । साथै उत्कृष्ट कार्य गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ ।

१२.मदिरा र सूर्तिजन्य पदार्थको उत्पादन, सेवन, आयात र विक्रीवितरण गर्ने कार्यलाई कार्यविधि अनुसार व्यवस्थित गरिने छ । शैक्षिक संस्थाहरूमा ध्यान र योग शिक्षा कार्यान्वयनका लागि प्रोत्साहन गरिने छ ।

१३. नगरपालिकाभित्र विभिन्न स्थानमा रहेका स्वाथ्य केन्द्रहरूमा आलोपालो गरी मासिक रूपमा विशेषज्ञ चिकित्सकहरूको व्यवस्था गरी नगरवासी जनतालाई सुलभ विशेषज्ञ स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । स्वास्थ्य संस्थाहरूमा रहेका प्रयोगशाला तथा प्रसूति केन्द्र ( बर्थिङ्ग सेन्टर ) को स्तरोन्नति एवंम स्रोत साधनयुक्त वनाउदै लगिने छ

१४. उपचार र निदान भन्दा रोग लाग्न नदिनु बेस भन्ने अवधारणालाई आत्मसाथ गर्दै आयुर्वेदका उपचार विधिहरु अपनाउन प्रचार प्रसार गरिने छ । साथै आयुर्वेदिक जडिबुटी प्रवर्द्धन गर्न आवश्यक प्रचार प्रसार गरिने छ ।

## कृषि तथा पशुपालन :

१५. नगरपालिकाभित्रको कृषियोग्य जमिन पहिचान र संरक्षण गर्दै कृषि उत्पादन क्षेत्रको वर्गीकरण तथा विशिष्टीकरण मार्फत नगरलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनको लागि आवश्यक रणनीति तय गरिने छ ।

१६. तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेका क्षेत्रहरूलाई 'तरकारी पकेट क्षेत्र' उखु उत्पादन क्षेत्रलाई उखु पकेट क्षेत्र र अन्य स्थानहरूमा 'एक घर एक करेसाबारी' को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई नगरभरि विशेष अभियानका साथ सञ्चालन गर्ने तरकारीमा आत्मनिर्भर बनाउने कार्य अवलम्वन गरी तरकारी आयातलाई निरुत्साहित गर्दै निर्यात वढाउने निति लिईने छ ।

१७. नगरपालिका क्षेत्रमा सञ्चालित बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा कृषकलाई कृषि ऋण उपलब्ध गराई सोही प्रयोजनमा सदुपयोग हुन गएमा वा यस नगरपालिकाभित्रका विभिन्न समूह ( आमा समूह, टोल विकास संस्था, क्लव ) लाई नगद/वस्तुगत सहायता उपलब्ध गराउन सहजीकरण गर्न नीतिगत व्यवस्था गरिने छ ।

१८. सिँचाइ प्रणाली आसपासका जग्गाहरू बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिने छ भने खाली जमिनमा फलफुल, केरा, मकै, घाँस, अलैची नर्सरी सञ्चालन लगायतका कृषिजन्य क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गरिने छ ।

१९. कृषि अत्पादनको वजारीकरण र भण्डारण सहयोगका लागि "उपमेयर बारीदेखि बजारसम्म, गोठदेखि ओठसम्म" अभियान मार्फत स्थानीय कृषि उपज विक्री वितरण सुनिश्चित गरिने छ । यस नगरपालिकामा एक कृषि उपज संकलन केन्द्र निर्माण गरिने छ । साथै कृषि हाटवजारको सम्भावना अध्ययन गरी व्यवस्थित तवरले सञ्चालन गरिनुका साथै कुनै व्यक्ति तथा संघसंस्थाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटवजार सञ्चालन गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

२०. **'व्यावसायिक रूपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान, सबै किसानलाई उत्पादनमा आधारित अनुदान'** नीति अवलम्वन गरिने छ । कृषि बिमा तथा पशु बिमालाई थप प्रभावकारी वनाउन अभियानात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ । दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरिने छ । नगरपालिकाभित्र दुधको मूल्यमा उपयुक्तता र एकरूपता कायम गरिने छ । पशुपालक किसानहरूलाई दिइँदै आएको पशु बिमा अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ । साथै नगरलाई माछामासुमा आत्मनिर्भर वनाउन वङ्गुर पालन, कुखुरा पालन, बाख्रापालन, माछापालन लगायतका व्यवसाय गर्ने कृषकहरूलाई विशेष अनुदान उपलब्ध गराउने नीति अवलम्वन गरिने छ । साथै २ भन्दा वढी भैंसी पालन गर्ने कृषकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

२१. एक वडा, एक पशुपक्षी पकेट कार्यक्रम सञ्चालन गरी पशुपक्षीजन्य अत्पादनलाई विशिष्टीकरण अध्ययन गरी कार्यान्वयन गरिने छ । पशु सेवा कार्यालयको स्तरोन्नति गरी कृत्रिम गर्भाधानका लागि आवश्यक प्रकिया अगाडि वढाउनका साथै माहुरी पालन व्यवसाय गर्दै आएका किसानहरूलाई माहुरीपालन पकेट क्षेत्र घोषणा गरी प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गरिनुको साथै स्थानीय सञ्चार माध्यममा स्थानीय कृषि प्रणालीमा आधारित **'मेयरसँग कृषि कार्यक्रम'** सञ्चालन गरिने छ।

## सहकारी :

२२. कृषि, बचत तथा ऋणको कार्यक्रम सञ्चालन गर्ने सहकारी मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ। निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यवाट सहकारी प्रवर्द्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ।

२३. सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइने छ। सहकारी संघ संस्थाहरूसँग सहकार्य गरी सहकारी पसल, उत्पादनमूलक उद्योग व्यवसाय संचालन गर्ने कार्य अघि वढाइने छ। नगरभित्रका सहकारी संस्थासँग सम्बन्धित अभिलेख अद्यावधिक गरिने छ।

२४. महिलाहरूद्वारा सञ्चालित महिला सहकारी, किसानहरू र कम आयस्तर रहेका नगारिकहरू आबद्ध रहेका सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइने छ।

## सिँचाइ :

२५. नगरभित्र आवश्यकता अनुसार सिँचाइ व्यवस्थापनका लागि उपयुक्त स्थानमा वहुउपयोगी सिँचाइ पोखरीहरू निर्माण गर्ने कार्य अघि बढाइने छ।

२६. शैल्यशिखरको सिँचाइ अन्तर्गत प्रमुख कुलो तथा नहर सिँचाइ प्रणालीको सुदृढीकरणका लागि सरोकारवालाहरूसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिने छ। साथै उल्लिखित नहर, कुलो र खोला आसपासका क्षेत्रको जग्गा संरक्षण, हरियाली प्रवर्द्धन, विश्राम स्थल तथा बगैंचा निर्माण कार्यलाई टोल विकास संस्था मार्फत अगाडि बढाइने छ।

२७. नगरभित्रका ठूला नहर तथा कुलाहरूमा सघन सरसफाइ कार्यक्रम सञ्चालन गरी सिँचाइ प्रणालीलाई चुस्त दुरुस्त बनाइने छ।

## उद्योग तथा रोजगारी :

२८. संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधीनमा रही सबै प्रकारका उद्योगहरूको व्यवस्थापनका लागि एकीकृत नीति तर्जुमा गरी व्यवस्थित गरिने छ। न्यूनतम १० जना नगरवासीलाई रोजगारी दिने उत्पादनमूलक उद्योगहरू चालु वर्षमा सुरु भएमा आगामी ३ वर्षसम्म लाग्ने व्यावसायिक करमा २० प्रतिशत छुट दिइने छ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउन रोजगार सेवा केन्द्रलाई साधन स्रोत सम्पन्न एवं **मेयरसँग रोजगार कार्यक्रम**को कार्यविधि तयार गरी दुवै कार्यक्रमको प्रभावकारिता वृद्धि एवं थप बेरोजगारहरूलाई रोजगारीको अवस्था सृजना गर्ने नीति लिइने छ।

२९. सीमान्तकृत वर्ग समुदाय, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेको उद्योग/व्यवसायमा तोकिएको करमा ५०% छुट दिइने नीति अवलम्बन गरिने छ। उद्योगमैत्री वातावरण निर्माणका लागि नगरपालिकाले हरसम्भव प्रयास गर्ने छ। नगरपालिकाको नियमित बजेटबाट सञ्चालन गरिने विषयगत तालिमलाई एकीकृत अवधारणा अनुसार नियमित रूपमा सञ्चालन गरिने छ । नगरपालिकाबाट प्रदान गरिने तालिमहरूलाई सीपयुक्त र स्वरोजगारमूलक बनाउने गरी आगामी वर्ष

न्यूनतम ९० जना युवाहरूलाई स्वरोजगारमूलक तालिम प्रदान गरिने छ । नगर उद्योग वाणिज्य सङ्घ गठन प्रकिया अघि बढाउने, साथै लामो समय विदेशमा रही हाल नेपाल फर्केर स्वदेशमै उद्योग/व्यवसाय गर्न चाहनेहरूका लागि प्रोत्साहनको नीति अवलम्वन गरिने छ ।

**पर्यटन :**

३०. नगरपालिकाभित्र रहेका ऐतिहासिका पुरातात्त्विक महत्त्वका सम्पदाहरूको अभिलेखीकरण, प्रवर्द्धनका लागि आवश्यक रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्त्वका विविध विषयहरूलाई समेटी वृत्त चित्र निर्माण लगायत अन्य माध्यमबाट प्रचारप्रसार गरिने छ । साथै चमेलिया जलविद्युत आयोजनालाई विद्युतको केन्द्र ( हव ) को रूपमा प्रचारप्रसार गरी पर्यटकहरूको व्यवस्थापनमा सहयोग गरिने छ ।

३१. नगरभित्रका प्रसिद्ध धार्मिक स्थलहरूमा आवश्यक भौतिक सुधार गरी उपयुक्त र आकर्षक मूर्तिहरू समेत राखिने छ । यसवाट धार्मिक स्थलहरू व्यवस्थित भई आकर्षणका केन्द्र बन्न सक्ने अपेक्षा गरिएको छ ।

**साहित्य, कला र संस्कृति :**

३२. मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरूको संरक्षण, विद्वान्हरूको सम्मान र साहित्यिक गतिविधिहरूको प्रवर्द्धन गरिने छ ।

३३. समाजमा देखिने छाडा संस्कृतिलाई निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम सञ्चालन गरिने छ ।

३४. नगरभित्रका उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरूलाई प्राथमिकताका साथ अगाडि वढाइने छ । नगरपालिकाभित्र लुकेर रहेका प्रतिभाहरूको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र संवर्द्धन गरिने छ ।

३५. परम्परागत चाडपर्वहरू, मालिकार्जुन देव पूजन संस्कृति, जात्रा, गौरा, चैतालो, भेटौलो, तिज, नरहरि, गोकुलेश्वर मेला जस्ता सामाजिक सद्भाव र एकता कायम गर्ने पर्वहरूको संरक्षणका लागि सहयोग गरिने छ ।

३६. मौलिक संस्कृति वोकेको यस नगरभित्र बसोवास गर्ने विभिन्न जातजातिका कथा, गाथा, पहिरन, रहनसहन, भाषा र संस्कृतिको विकासका लागि तिनको संकलन अभिलेखीकरण र पुस्तान्तरणका लागि सहयोग गरिने छ ।

**भवन, तथा सहरी विकास तथा पूर्वाधार :**

३७. भवन निर्माण मापदण्ड २०७४ लाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ । सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्वन्धी तालिम दिई दक्ष बनाइने छ । किफायती आवासका नमुना नक्साहरू तयार पारी नगरवासीलाई उपलव्ध गराइने छ ।

३८. नगरपालिकाभित्रका पराल तथा खरको छाना भएका घर परिवारलाई जस्ता पाताको छानामुनि ल्याउन कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइने छ । त्यस्ता घरहरूलाई जस्ता पातामा लाग्ने रकम अनुदान दिइने छ ।

३९. नगरभित्रका भूमिहीन, अव्यवस्थित बसोवासी र सुकुम्वासीलाई सुरक्षित बसोवासको लागि आवास निर्माणको सम्भाव्यता अध्ययन गरी सामूहिक आवासको अवधारणा ल्याइने छ ।

(विजय सिंह धामी)
नगर प्रमुख



CamScanner

'...शैल्यशिखर सुखी नगरबासी'

(विजय सिंह धामी)
नगर प्रमुख

४०. आवश्यकताको आधारमा नयाँ सड[illegible] साथै विगतमा निर्माण गरिएका सडकहरू मर्मत सुधारलाई विशेष महत्त्व दिइने छ । नगर भवन र वडा कार्या[illegible] निर्माण गरिने छ । पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइने छ ।

४१ नगरपालिकाभित्र रहेका सडकहरूको डिजिटल प्रविधिमा आधारित वर्गीकरण गरी सर्वसाधारणको जानकारीको लागि उपलब्ध गराइने छ । साथै नगर चक्रपथ ( रिङ रोड ) को प्रस्ताव तयारीका लागि आवश्यक पहल गरिने छ ।

४२. नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्सफर्मर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिइने छ । साथै नगरभित्र रहेका लघुजलविद्युत आयोजनाहरूको अवस्थाको प्राविधिक मूल्याङ्कन गरी मर्मत सम्भारको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

## सार्वजनिक निजी साझेदारी :

४३. बजार व्यावस्थापन समिति गठन प्रकिया अगाडि बढाउने, साथै सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि, पर्यटन, फोहोरमैला व्यवस्थापन, उद्यम/व्यवसाय, भौतिक संरचना निर्माण सहितका कार्यक्रम सञ्चालन गरिने छ । यस नगरपालिका र निजी तथा सार्वजनिक संस्थाहरूको लागत साझेदारीमा उन्नत स्तरको प्रशोधन केन्द्र स्थापना गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने कार्यको नीति अवलम्वन गरिने छ । फोहोरमैला प्राविधिक सहयोग केन्द्रको सहयोगमा फोहोरमैला व्यवस्थापनको कार्य अगाडि बढाउन आवश्यक प्रकिया अगाडि बढाइने छ ।

## सूचना तथा सञ्चार :

४४. नगरभित्रका सामुदायिक रेडियोहरू र तिनमा कार्यरत सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने छ । स्थानीय सञ्चार माध्यमहरूको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्बन गरिने छ ।

४५. जनताको सुसूचित हुन पाउने सूचनाको हक प्रत्याभूति गर्न सार्वजनिक सुनुवाइ, मुखपत्र प्रकाशन, जनतासँग मेयर लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयवाट सम्पादित कार्यहरूको चौमासिक सार्वजनिकीकरण गर्ने साथै दूरसञ्चार कार्यालयसँगको समन्वयमा हट लाइन सेवा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

४६. सूचना र प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार लगायतका प्रवर्द्धनात्मक विषयहरूलाई सरोकारवाला निकायहरूसँग समन्वयन गरी सञ्चालन गरिने छ ।

४७. नगरपालिकाको विकास, निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने सञ्चारकर्मी र मिडियाहरूलाई पुरस्कृत गर्नको लागि 'उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षय कोप' स्थापनाको लागि प्रोत्साहन गरिने छ ।

## विपद् व्यवस्थापन :

४८. आर्थिक वर्ष २०७९/०८० मा दमकल खरिद तथा सञ्चालनमा ल्याउन फायर म्यानको व्यवस्थापनको लागि प्रकिया अगाडि बढाइने छ । साथै नगर विपद् व्यवस्थापन कोषमा सञ्चित कोष वृद्धि गर्दै थप रकम जम्मा गर्नको लागि सहयोगीहरूलाई आह्वान् गरिने छ र उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिने छ । विपद् व्यवस्थापन गर्न पूर्वतयारी सम्बन्धी विविध कार्यहरू सञ्चालन गरिने छ ।

४९. नगरभित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, क्षति न्यूनीकरण लगायतका विषयहरूलाई समेटी पूर्व तयारी रणनीति तय गरिने छ ।

(विजय सिंह धामी)
नगर प्रमुख

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

'समृद्ध शैल्यशिखर सुखी नगरबासी'

(विजय सिंह धामी)
नगर प्रमुख

५०. चमेलिया नदी तटीय क्षेत्रको दोहन कार्यलाई व्यवस्थित गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, समन्वय लगायत अन्य उपायहरूको अवलम्बन गरिने छ भने नदी कटान प्रभावित क्षेत्रको व्यवस्थापनका लागि आवश्यक रणनीति तय गरिने छ ।

५१. विपद्पछि आवश्यक पर्ने औजार, खुला क्षेत्र, खाद्य साम्रगी, औषधी उपचार जस्ता पूर्व तयारी वारेमा सचेतनामूलक सामग्री वितरण गरिने छ ।

## वन तथा वातावरण संरक्षण :

५२. नगर क्षेत्रभित्रका सार्वजनिक तथा निजी संरचनाहरूमा 'वातावरण मैत्री स्थानीय शासन' ( EFLG ) कार्यक्रमका सूचकहरूको कार्यान्वयन गर्दै लगिने छ । वातावरण संरक्षण र सहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका 'खुला क्षेत्र' लाई मनोरञ्जन स्थलको रूपमा विकास गरिने छ । स्थानीय नागरिकको संलग्नतामा न्यूनतम, आधारभूत र क्रमश: उच्च स्तरका सूचकहरू निर्धारण गरी वातावरण मैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रमलाई प्रवर्द्धन गरिने छ ।

५३. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप,क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिने छ । खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा 'वृक्षारोपण तथा वन विस्तार कार्यक्रम' सञ्चालन गरिने छ । सामुदायिक वनसँगको सहकार्यमा 'नर्सरीको स्थापना र स्तरोन्नति' लगायतका कामहरू सञ्चालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरूको उत्पादन गरिने छ ।

५४. सार्वजनिक जग्गा, सामुदायिक र सरकारी वनमा उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्‍याउने गरी वृक्षारोपण तथा सामूहिक खेती प्रणाली नीति अवलम्बन गरिने छ ।

## टोल विकास संस्था :

५५. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल वनाउन निर्वाचित जनप्रतिनिधि एवं टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ । सामाजिक परिचालनका माध्यमबाट गरिवी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने सरकारी एवं गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ । टोल विकास संस्थालाई नगरको विकासमा सहभागी वनाउन र उनीहरूसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासलाई गति प्रदान गर्नको लागि निश्चित रकम छुट्याइने छ । टोल विकास संस्थाको समग्र कार्य सम्पादनका आधारमा थप रकम प्रदान गरिने छ । टोल विकास संस्थाको सञ्चालन कार्यविधि तयार गरी नगरपालिकामा आवद्ध गरेर उक्त संस्थाहरूलाई गतिशील तवरले सञ्चालनको लागि मार्ग प्रशस्त गरिने छ । नगरभित्र रहेका आमा समूह, युवा क्लब, किशोरी समूह र विभिन्न समूह संजालको रेकर्ड अद्यावधिक गरी टोलको विकासमा सक्रिय वनाइने छ । टोल विकास संस्था, आमा समूह विभिन्न क्लब लगायनका सामुदायिक संस्थाहरूलाई विभिन्न निर्माण लगायतका सामाजिक क्रियाकलापहरूमा समन्वय, सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

## गैरसरकारी संस्था :

५६. गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने सवै कार्यक्रमहरू नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रूपमा समावेश गरी नगरपालिकाको पूर्व स्विकृति लिई नगरपालिकाले तोकेको वर्ग र क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास गरिने छ । गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रूपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरूवाट पारदर्शी एवं उत्तरदायी सेवा प्रवाह गराउनका लागि निर्देशन सहित आवश्यक सहयोग पुऱ्याइने छ ।

५७. नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरूको प्रोफाइल तयार गरी गैरसरकारी संस्थाहरूको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी वनाइने छ । नगरको ठुला एवं वृहत् भौतिक पूर्वाधार निर्माणको लागि दातृ निकायहरूलाई आह्वान् गर्ने, साथै साना तथा आयआर्जनसँग सम्वन्धित कार्यक्रम सञ्चालनको लागि दातृ निकायहरूलाई समन्वय गरी काम गर्ने सहज वातावरण र सरल प्रकिया अपनाइने छ । साथै नगरले नगर विकास साझेदार समन्वय समिति गठन गरी विकास साझेदारहरूसँग समन्वय गर्ने नीति लिइने छ ।

(विजय सिंह धामी)
नगर प्रमुख



CamScanner

खेलकुद :

५८. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरूलाई प्रोत्साहन गरिने छ। खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरूको स्तरोन्नति गरिनुका साथै हरेक वडाहरूमा खेल मैदानको पूर्वाधार निर्माण गरिने छ।

५९. नगरभित्र खेलकुद सञ्चालनका लागि फुटबल, क्रिकेट र भलिबल खेल मैदान एवं कभर्ड हल लगायतका संरचनाहरूको निर्माण गर्ने नीति अवलम्बन गरिने छ।

६०. निजी र सामुदायिक संघसंस्थाहरूको सहकार्यमा नगर स्तरीय विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिने छ। माध्यमिक तहका विद्यालयमा खेल प्रशिक्षकको व्यावस्था गरिने छ।

६१. खेलकुद विकासको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

६२. नगरस्तरीय खेलकुदको प्रवर्द्धनका लागि नगरस्तरीय 'खेलकुद विकास समिति' गठन गरिने छ।

## युवा सम्मान कार्यक्रम :

६३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्ति र संस्थालाई सम्मान एवं पुरस्कृत गरिने छ। युवाहरूको क्षमता विकासका लागि युवा परिचालन कार्यक्रम सञ्चालन गरिने छ। प्रत्येक वडाका युवाहरूलाई सीपमूलक तालिम प्रदान गरिने छ। युवा केन्द्रित लैङ्गिक समानता र सशक्तीकरण, लागू औषध दुर्व्यसन, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम सञ्चालन गरिने छ। युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गरिने छ। युवा प्रतिभा उद्यमीको खोजी कार्यक्रम सञ्चालन गरिने छ। युवा उद्यमी केन्द्र स्थापनाको लागि अध्ययन गरिने छ। युवाको साहस, सिर्जनशीलता, उद्यमशीलता र आत्मविश्वासको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पुँजीको रूपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिने छ। खेलकुद, सामाजिक विकास, वातावरण संरक्षण, विपद् प्रकोप व्यवस्थापन, सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा युवाहरूलाई परिचालन गरिने छ। स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि तयार पारी स्वयंसेवक दस्ता खडा गरिने छ। हरेक स्वयंसेवक दस्ता मार्फत नैतिकता र नागरिक गुण एवं अनुशासनको विकास गर्न मुलुक र नगरप्रति दायित्वबोध गराउने तथा श्रमको सम्मान गर्ने अभियानात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ।

६४. **उपमेयरसँग दिदीबहिनी कार्यक्रम** मार्फत आर्थिक सशक्तीकरण तथा व्यावसायिक प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक कार्यविधि निर्माण गरी आर्थिक व्यावसायिक तथा सिपमूलक क्रियाकलापहरू मार्फत सशक्तीकरण गर्दै आत्मनिर्भर वनाइने छ।

## स्वयंसेवक सेवा :

६५. नगरको समग्र विकासमा सवै क्षेत्र र समुदायको समान दायित्व रहेको हुन्छ। नगरपालिकाले अभियानको रूपमा अगाडि सारेको हरेक कार्यक्रमहरूमा स्वयंसेवी क्रियाकलाप संचालन गर्न गैरसरकारी संघसंस्था, नागरिक समाज, निजी क्षेत्रहरू सक्रिय रहेका छन्। स्वयंसेवाको महत्त्वलाई समाज, टोल र वस्ती स्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरूमा विस्तार गरी समुदाय स्तरबाटै स्वयंसेवी क्रियाकलापहरू अगाडि वढाइने छ।

६६. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यावहारिक वनाउन नीतिगत खाका तयार गरिने छ। राष्ट्र सेवाको रूपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरूलाई स्वयंसेवकको रूपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिने छ। प्राविधिक, व्यावसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूलाई समेत नगरको आवश्यकता अनुसार स्वस्फूर्त



(विजय सिंह धामी)
नगर प्रमुख
शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोकुलेश्वर, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
(विजय सिंह धामी)
नगर प्रमुख
CamScanner

परिचालित हुने व्यवस्था मिलाइने छ । विद्यालयहरूमा जुनियर रेडक्रस सोसाइटी र नेपाल स्काउट टुकुडीको व्यावस्था गरिने छ ।

**न्यायिक समिति :**

६७. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रूपमा कार्यान्वयन गरिने छ । बाँकी रहेका कानुनहरूको निर्माण कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरी कार्यान्वयनमा ल्याइने छ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिने छ ।

६८. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडि वढाइने छ । नयाँ कानुन, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिने छ । स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिने छ ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण :**

६९. महिला, वालबालिका तथा फरक क्षमता भएकाहरूसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामग्री उत्पादन, प्रकाशन, प्रशासण र वितरण गरिने छ । सञ्चार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न रेडियो जिङ्गल उत्पादन तथा प्रशारण, पोस्टर, होडिङ्ग वोर्ड राख्ने जस्ता कार्य गरिने छ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गरिने छ । किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र वाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिने छ ।

७०. दलित समुदायले परम्परागत रूपमा गर्दै आइरहेका आरन, निगालो र वाँसका सामग्री लगायतका व्यवसायहरू प्रवर्द्धन गरी आधुनिक प्रविधिसँग जोड्दै दलित समुदाय तथा एकल महिलाको नाममा सञ्चालित व्यवसाय प्रवर्द्धनमा प्रोत्साहन गरिने छ ।

७१. पूर्ण अशक्त एवं अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिने छ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना, निर्माणको लागि पहल गरिने छ । अपाङ्ग शिविरको व्यावस्थापनमा सहयोगका साथै जनप्रतिनिधिहरूलाई जातीय विभेद, लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण तथा वालअधिकार सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७२. वालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिने छ । सार्वजनिक जग्गाको व्यवस्थापन गरी केही वडामा वाल उद्यान निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

७३. वालवालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान् वालवालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम सञ्चालन गरिने छ । त्यसैगरी वालश्रम, वाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिने छ ।

७४. एक पटक विवाह गरी हाल एकल रूपमा रहँदै गरेका ६० वर्ष माथिका एकल पुरुषहरूलाई मासिक सामाजिक सुरक्षा भत्ताको कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । साथै ६० वर्ष माथिका असहाय, संरक्षक विहीन पुरुष एवं ५५ वर्ष माथिका महिलाहरूलाई जीविकोपार्जनका लागि जेष्ठ नागरिक सरह भत्ता उपलव्ध गराइने छ । जेष्ठ नागरिकहरूको सम्मानका लागि सरोकारवालाहरूको संयोजनमा सवै वडाहरूमा 'ज्येष्ठ नागरिक स्वास्थ्य शिविर' र 'ज्येष्ठ नागरिक सम्मान' कार्यक्रम सञ्चालन गरिने छ ।

७५. नगरपालिकामा 'ज्येष्ठ नागरिक मिलन' केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गरिने छ ।

(विजय सिंह धामी)
नगर प्रमुख



CamScanner

७६. उपमेयरसँग महिला कार्यक्रमद्वारा जातीय विभेद न्यूनीकरण, महिला सेफ हाउस निर्माण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

७७. किशोर किशोरीहरूलाई साथी शिक्षा, प्रजनन स्वास्थ्य र यौनसम्वन्धी विषयहरूमो चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ । समावेशी विकासका सम्बन्धमा संविधान प्रदत्त हकहरू तदारुकताका साथ कार्यान्वयनमा ल्याइने छ ।

७८. वाल क्लव दर्ताको लागि र वाल संरक्षणको लागि आवश्यक निर्देशिकाहरू यसै आ.व. मा तयार गरी कार्यान्वयनमा ल्याइने छ । साथै विपद् र जोखिममा रहेका वालवालिकाहरूको लागि आपतकालीन वाल उद्दार कोषको स्थापना गरी विपद् र जोखिममा रहेका वालवालिकाहरूको उद्दारमा सहयोग पुर्‍याइने छ ।

७९. नगरभित्रका विभिन्न दाहसंस्कार स्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिने छ ।

## भूउपयोग नीति र सार्वजनिक जग्गा व्यवस्थापन :

८०. भूउपयोग योजना तर्जुमा गरी भूउपयोग नीतिले अङ्गिकार गरेका प्रावधान अनुसार औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन, वन उद्यान लगायतका क्षेत्रहरू तोकिने छ । नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सीमाङ्कन गरी संरक्षण र प्रवर्द्धनका लागि उपयुक्त कार्य योजनाका साथ काम सुरु गरिने छ । भूउपयोग नीति २०७२ ले निर्दिष्ट गरे अनुसारको भूउपयोग योजना निर्माण गर्न चालु आर्थिक वर्षमा कार्य प्रारम्भ गरी आगामी आर्थिक वर्षमा कार्यान्वयनमा ल्याइने छ । घर जग्गाको विक्री वितरणलाई वैज्ञानिक रूपमा व्यवस्थापन गरिने छ ।

८१. अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत सङ्कलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइने छ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी पुनः सार्वजनिकीकरण गर्न सबैको सहयोग लिइने छ ।

## गरिवी न्यूनीकरण :

८२. **'एक घर एक बैङ्क/सहकारी खाता र एक महिला एक बैङ्क/सहकारी खाता अभियान'** सञ्चालन गरी सरकारको आर्थिक/सामाजिक सहयोग सबै परिवारमा सिधै पुग्ने वातावरण मिलाइने छ । साथै गरीवी न्युनिकरणका लागी थप आवश्यक नीति अवलम्वन गरिने छ ।

८३. गरिवी निवारण कोष, युवा स्वरोजगार कोष र सामाजिक परिचालन कार्यक्रमको समुदायमा रहेको कोषलाई आवश्यक खोजीनीति गरी उक्त कोषको प्रभावकारिता वृद्धि गरिने छ ।

## यातायात :

८४. सवारी दुर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्वन्धित सचेतनामूलक कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिने छ । मुख्य राजमार्गमा ट्रिपरवाट हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सरोकारवालासँग छलफल गरी उपयुक्त रणनीति अपनाइने छ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्यमुख्य बजार केन्द्रमा ट्राफिक सङ्केत चिह्नहरू निर्माण गरिने छ । ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । यातायात कम्पनीहरूसँगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी सवारी साधनमा नै डस्टबिन राख्ने व्यवस्थाका लागि सवारी धनी लाई प्रोत्साहित गरिने छ ।

८५. नगर बस सेवा सञ्चालनको आवश्यक कार्यविधि तयार गरी प्रक्रिया अगाडि वढाइने छ । साथै नगरभित्र सञ्चालित जिप, ट्याक्सी र अटो जस्ता सवारी साधनहरूलाई सुरक्षित एवं व्यवस्थित गर्न ट्राफिक प्रहरी र समितिसँगको समन्वयमा आवश्यक नीति तर्जुमा गरिने छ ।

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

(विजय सिंह धामी) नगर प्रमुख



CamScanner

८६. यस शैल्यशिखर नगरमा रहेको बस पार्किङ्गको लागि आवश्यक जग्गाको खोजी अगाडि बढाइने छ। साथै अल्पकालीन व्यवस्थापनको लागि यस आर्थिक वर्षमा जग्गा भाडामा लिई व्यवस्थापन गरिने छ।

## खानेपानी तथा सरसफाइ :

८७. खानेपानी सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०६९ को प्रावधान अनुरूप खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले उपभोक्तालाई दिँदै आएको खाने पानी तथा सरसफाइ सेवा सुविधाको नियमन गरिने छ। नेपाल सरकार, प्रदेश सरकार, उपभोक्ता समिति र स्थानीय नागरिकको सहभागिता र लागत साझेदारीमा खाने पानी तथा सरसफाइको सेवा क्षेत्र विस्तार र सेवा स्तर वृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि वढाउनुका साथै ढल निकास योजनाको कार्य आगाडि वढाइने छ। खाने पानी प्रदायक संस्थाहरू र सम्बन्धित वडा कार्यालयहरू बिच सघन समन्वयको कामलाई प्राथमिकता दिइने छ साथै नगर स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन प्रकिया अगाडी वढाईने छ।

८८. खाने पानी उपभोक्ता तथा सरसफाइ समितिहरूसँगको साझेदारीमा जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत सरसफाइलाई दिगो बनाउन तालिम तथा क्षमता विकासका कार्यक्रमलाई टोल विकास संस्था मार्फत वस्ती स्तरमा पुऱ्याइने छ। सरसफाइमा नमुनाको रूपमा प्रस्तुत हुने टोल विकास संस्थाहरूलाई पुरस्कृत गरिने छ।

८९. सबैलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउनको लागि **'एक घर एक धारा'** को कार्यक्रमलाई जिल्लास्थित खाने पानी संस्था, प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा अगाडि वढाइने छ।

९०. खानेपानी सङ्कटग्रस्त बस्तीहरूलाई प्राथमिकताका साथ योजना निर्माण गरी शीघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाइने छ। साथै मुहान नै नभएका ठाउँहरूमा बिजुली तथा सौर्य ऊर्जा प्रणालीद्वारा खाने पानीको आपूर्तिलाई सहज बनाइने छ।

## राजस्व प्रशासन :

९१. नगरवासीलाई कर तिर्नु भनेको आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अवलम्वन गरिने छ। करको दरभन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरू तय गरिने छ। राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरूको पहिचान गरिने छ।

९२. नेपाल सरकारको निर्णय अनुसार स्थानीय तहलाई प्राप्त घर बहाल कर सङ्कलनको अधिकारलाई 'संक्षिप्त मापदण्ड' जारी गरी अभियानका साथ सङ्कलन गरिने छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार करका सर्वमान्य सिद्धान्त, कर लागू गरेका अन्य पालिकाहरूको असल अभ्यास, विज्ञ एवं आम नगरवासीको राय, परामर्शका आधारमा वैज्ञानिक र सामाजिक न्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर लगाइने छ।

९३. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्राप्त अधिकारको अधीनमा रही ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो, ग्राभेल लगायतका नदीजन्य पदार्थ, नगर सम्पत्तिको रूपमा रहेका अन्य राजस्वका स्रोतहरूको समेत पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिने छ। सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई 'उत्कृष्ट करदाता'को रूपमा पुरस्कृत गरिने छ। सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाइने छ।

९४. एकीकृत सम्पत्ति करवाट सङ्कलित राजस्वको २५ प्रतिशत रकम सम्बन्धित वडाको विकासका लागि नै व्यवस्थापन गरिने छ।

## योजना तर्जुमा, अनुगमन एवं तथ्याङ्क प्रणाली तथा अनुसन्धान र विकास :

(विजय सिंह धामी)
नगर प्रमुख

(विजय सिंह धामी)
नगर प्रमुख

९५. नगरवासीहरूको विकासप्रतिको आकाङ्क्षालाई पूरा गर्न एवं समृद्ध नगरको सपना यथार्थमा साकार गर्न योजना प्रणालीको अहंम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यावहारिक, समुदायको अपनत्व रहने, टिकाउ र निर्माणको कार्यलाई गुणस्तर सुनिश्चितताका साथै केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनावीच समन्वय कायम गरी नगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालीन योजना निर्माण गरिने छ।

९६. शैल्यशिखर नगरपालिकाको समग्र क्षेत्रको समानुपातिक तवरले विकास गर्नको निमित्त,नगर विकास नीति, दीर्घकालिन सोच,मध्यकालिन खर्च संरचना योजना र कार्यक्रम तर्जुमा गर्न, अनुगमन मुल्याकन गर्न र प्रमुख लाई आवश्यक राय परामर्श दिन शैल्यशिखर नगरपालिक नगर नीति योजना आयोग' को गठन गरिने छ।

९६. आर्थिक वर्ष २०७९/०८० मा विभिन्न आयोजनामा छुट्टयाइएको पुँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्तभित्रै खर्च गर्ने सुनिश्चितताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र परिचालन गरिने छ। साथै योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई प्राथमिकता दिइने छ। योजनाहरूको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गरिने छ।

## सार्वजनिक सेवा प्रवाह, सुशासन क्षमता विकास

९७. नगरपालिकाको प्रमुख प्रशासनिक भवन, निर्माण कार्यलाई अगाडि वढाइने छ र निर्धारित समयमै गुणस्तर मापदण्ड अनुरूप सुसम्पन्न गरिने छ।

९८. नगरपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ।

९९. नगरपालिका र सम्पूर्ण वडाहरूमा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई छरितो र स्वचालित प्रकृतिको बनाइने छ।

१००. नगरपालिकाको सङ्गठन संरचना अध्ययन गरी नगरको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिने छ।

१०१. विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक भवनहरूको रेकर्ड अद्यावधिक गरी अधिकतम प्रयोगमा ल्याउने व्यवस्था मिलाइने छ।

१०२. नगरपालिकाभित्रको दर्ता, चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि **Office Automation** प्रणालीलाई कार्यान्वयनमा ल्याइने छ।

१०३. नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्य सम्पादनका स्पष्ट सूचक निर्माण गरी सदाचार प्रवर्द्धन गर्न र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता ( **Zero Tolerance**) को नीति अवलम्वन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानुनी दायरामा ल्याइने छ।

१०४. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरूलाई क्रमश: डिजिटलाइजेसन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी वनाइने छ। नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाउँदै काम पन्छाउने प्रवृत्तिलाई पूर्ण रूपमा निरुत्साहित गर्दै नजितामुखी कार्यप्रणालीको विकास गरिने छ।

१०५. प्रचलित कानुनको अधीनमा रही नगर प्रहरीको भर्ना प्रकिया अगाडि बढाएर नगरको नियमनकारी भूमिकालाई प्रभावकारी वनाइने छ। वजार, वालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा विक्री, वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको प्रयोग, सिमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्वन्धित पक्षहरूलाई प्रचलित कानुनको अधीनमा कडाइका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइने छ।

१०६. स्वच्छ कार्यवातावरण, उत्कृष्ट सेवा प्रवाहको अवधारणा साकार पार्न कार्यालयको सरसफाइ, जनप्रतिनिधि, कर्मचारी लगायत नगरभित्रका जिम्मेवार व्यात्तिहरूबाट शिष्ट वोली, सभ्य व्यवहार, असल चरित्र र तडकभडकरहित जीवनशैली अपनाउने सरल, सहज र शीघ्र सेवा प्रवाहलाई सुनिश्चित गरिने छ।

१०७. नगरभित्र रहेका सुरक्षा निकायहरूको भौतिक पूर्वाधार, सवारी साधनको उपलब्धता, दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक रणनीतिको अवलम्वन गरिने छ।

शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(विजय सिंह धामी)
नगर प्रमुख



CS CamScanner

१०८. सुरक्षा निकायको समन्वयमा हाल सुरक्षा पोस्ट नभएका वडाहरूमा सुरक्षा [illegible]को लागि आवश्यक प्रक्रिया यसै आ.व. मा अगाडि बढाइने छ । साथै सुरक्षा निकाय र सरोकारवालाहरू बीच [illegible]लाई [illegible] बनाउन आवश्यक अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१०९. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरू स्थानीय सरकारप्रति उत्तरदायी बन्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ।

११०. कर्मचारी चक्रीय रूपमा सरुवा गर्ने नीति लिइने छ । साथै सवारी साधन र इन्धनको लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१११.राजश्व दाखिला संकलन प्रणालीलाई सफ्टवयर मार्फत दाखिला गर्ने नीति लिइने छ ।

११२. नगरपालिकालाई आवश्यक पर्ने परामर्शको लागि परामर्शदाताको नियुक्ति एवं छनौट गरी कार्य गराइने छ ।

११२. ठेक्कापट्टा लगाउदा E-Tender बाट मात्र गरिने नीति लिइने छ ।

**आदरणीय महानुभावहरू !**

- प्रस्तुत नीति तथा कार्यक्रम शैल्यशिखरलाई समृद्ध वनाउने मार्गदर्शक दस्तावेज हो । यस नगरलाई समृद्ध वनाउनमा सबै नगरवासीको आआफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । यस नगरपालिकालाई विकासका दृष्टिकोणले नमुना बनाउन हामी दत्तचित्त भएर लागेका छौं । नगरको विकास नै हामी सबैको विकास हो । यसैले विकास/निर्माणका काममा आआफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरवासी आम जनसमुदायलाई हार्दिक आग्रह गर्दछौं । हामीले नगरवासी जनताबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास/निर्माणका काममा हामी सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामी दृढ छौं ।

- अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, विभिन्न संघ संगठनहरू, गैरसरकारी संस्थाहरू, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित नगर सभाबाट रचनात्मक सुझाव सहित प्रस्तुत नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ विदा लिन्छु । धन्यवाद !

(विजय सिंह धामी)
नगर प्रमुख

विजय सिंह धामी
नगर प्रमुख